# शिखर आरोहण, काठमाडौं

## सङ्गीत आयामको "चक्रव्यूह र युद्धपीडाहरू"

साहित्य भनेपछि हुरुक्कै हुने कवि तथा निबन्धकार सङ्गीत आयामको 'चक्रव्यूह र युद्धपीडाहरू' जुन छवटा लामा कविताहरूको नवीनतम् सङ्ग्रह हो, हालै सार्वजनिक भएको छ, जसमा पृथक धारमा लेखिएका अत्यन्त सुन्दर र कलात्मक रूपमा प्रस्तुत भएका कविताहरू छन् ।

कवि तथा निबन्धकार सङ्गीत आयाम साहित्यका सच्चा साधक हुन्, साहित्यका साँचो पूजारी हुन् । अरु सबै अवसरहरूलाई छोडेर साहित्यप्रति नै समर्पित स्रष्टा सङ्गीत आयाम यस्तो एउटा उदाहरण हुन् जसले हजारौं साहित्यकारहरूलाई मार्ग-निर्देशन गरेका छन्, साहित्य के हो र साहित्यमाथि काम गर्नु भनेको के हो भन्ने प्रश्नमा । कुनै पनि स्रष्टालाई एकदमै कठिन हुन्छ आम्दानीविना साहित्य लेखनको महायज्ञमा होमिनु तर सङ्गीत आयाम भने यस कुराको ठूला अपवाद हुन् । आर्थिक अवस्थाले साथ दिएर सङ्गीत आयामले साहित्यिक यात्रा तय गरेका पनि होइनन्, आर्थिक पीडा त उनको जीवनमा झन् झन् बढिरहेको छ दिन-प्रतिदिन । उनको यस प्रकारको भिन्नै शैलीको लेखकीय चरित्रले उनलाई अरु हजारौं लेखकहरूभन्दा एकदमै विशिष्ट बनाएको छ नेपाली साहित्यको इतिहासमा र उनको योगदान हजारौं लेखकहरूको भन्दा निर्विवाद रूपमा अत्यन्तै माथि छ, उनी खुला पुस्तक हुन्, उनलाई अध्ययन गर्न सकिन्छ ।

कवि सङगीत आयामको लामा कविताहरूको सङ्ग्रह 'चक्रव्यूह र युध्दपीडाहरू' काठमाडौंमा भर्खरै विमोचन भएर बाहिर आएको कृति हो । 'चक्रव्यूह र युध्दपीडाहरू' भित्रका कविताहरू अत्यन्तै बौद्धिक रहेका छन्, कृति अध्ययन गर्दै जाँदा त्यो कुरा थाहा हुन्छ । नियम र सिद्धान्त घोकेर साहित्य सिर्जना गर्ने फर्मुलावादीहरूलाई कवि आयामका कविताहरू त्यति रुचिकर नलाग्न सक्छ तर साहित्यमा कलाको अवधारणा बुझ्नेहरूलाई, साहित्यमा सुन्दरताको महत्व महसुस गर्नेहरूलाई, साहित्यमा कुनै पनि नयाँपन लिएको सजीव प्रयोगलाई आत्मसात गर्नेहरूलाई र साहित्यलाई सर्वोच्च सत्ताको रूपमा परिभाषित गर्न गहन जिम्मेवारीबोधको साथमा काम गर्नेहरूलाई यी कविताहरू जीवन्तमात्र लाग्दैनन्, एकदमै विशिष्ट पनि लाग्छन् ।

पूर्वीय दर्शन र पाश्चात्य दर्शनलाई राम्रोसँग समायोजन गरिएको छ 'चक्रव्यूह र युध्दपीडाहरू' भित्रका लामा कविताहरूमा । पूर्वीय मिथक र पाश्चात्य मिथकहरूको सुन्दर प्रयोगले कविताहरू प्रभावशाली बनेका छन्, कवि सङ्गीत आयामको बौद्धिक व्यक्तित्व यी लामा कविताहरूमा प्रष्ट रूपमा आएको छ । प्रायःजसो कविहरूका कवितामा कि त पूर्वीय दर्शनलाई मात्र आधार मानेर लेखिएको पाइन्छ कि त पाश्चात्य दर्शनलाई मात्र तर कवि सङ्गीत आयामका कविताहरू भने पूर्वीय र पाश्चात्य दर्शनलाई प्रशस्त अध्ययन गरेर लेखिएका छन् । यो कृतिबाट कवि सङ्गीत आयामको गम्भीर अध्ययनशील व्यक्तित्वको राम्रो परिचय पाइन्छ । कवि आयाम त्यस्तै कविता लेख्छन् जसलाई कविताको रूपमा परिभाषित गर्न सकियोस् अर्थात भन्न सकियोस्, यो हो वास्तवमा कविता । कविताको लागि कवि आयाम र कवि आयामको लागि कविता एक अर्काका परिचय भएका छन् ।

लामा कविताहरू नेपाली साहित्यमा साऱ्है थोरै लेखिएका छन् किनकि लामा कविताहरू लेख्नलाई चाहिने त्याग, तपस्या दुईचार दिनमैं लेखक बनेर चर्चित बन्ने त्यस्तो समूहहरूबाट कहिल्यै संभव पनि हुँदैन । कुनै उत्कृष्ट लामो कविता वर्षौंको साधना र समर्पणबाट मात्र संभव छ जुन कुरा कवि सङ्गीत आयामले आफ्नो कृति 'चक्रव्यूह र युध्दपीडाहरू' मार्फत देखाएका छन्, करिब पाँच वर्ष यही कृतिको लागि काम गरेर । वरिष्ठ कवि 'ईश्वरवल्लभ'ले भन्नुभएझैं 'कवि सङ्गीत आयामका लामा कविताहरूले अब नेपाली काव्यमा लामा कविता भनेर गर्व गर्ने आधार झन् फराकिलो बनाएका छन् ।' यसरी छोटा कविताहरूबाट पृथक लामा कविताहरूको इतिहासमा अब कवि सङ्गीत आयामलाई भुल्न नै नसकिने भएको छ, उनका जीवन्त लामा कविताहरूका कारणले । अब सङ्गीत आयामको नाम सञ्चारकर्मी 'प्रकाश सायमी'ले भन्नुभएझैं उल्लेखनीय रूपमा अंकित भैसकेको छ नेपाली काव्यमा ।

कवि आयामको लामा कविताहरूको सङ्ग्रहभित्र रहेको 'चक्रव्यूह'बाट एउटा कविताको अंश यहाँ प्रस्तुत गर्न चाहन्छु ।

सम्पूर्ण रातको<br>
कालिमा खोपेर<br>
बन्द आँखाका<br>
कुना कुनासम्म<br>
सडकको चिसो<br>
मुर्झाएको एकान्तमा<br>
मानव शरीरहरूका<br>
अवयवहरूलाई छोएर<br>
सङ्गीनको चर्को स्पर्श<br>
हावाको झोंकाजस्तै<br>
अघि बढ्छ ।

प्रगीतात्मक संरचना भएको यो कविता आख्यानात्मक शैलीबाट पनि अगाडि बढेको छ । कवितामा रहेको शैली र प्रस्तुतिले यस कवितालाई

अरुभन्दा पृथक बनाएको छ र आजको विकराल यथार्थलाई साँचो अर्थमा परिभाषित गर्न 'चक्रव्यूह' कविता एकदमै सफल रहेको पाइन्छ । कवि आयामका कविताहरू पढ्दा कवि भएर बुझिएको यातनाले सस्वर झस्काउँछ, उनका कविताहरूमा त्यस्तो किसिमको शक्ति छ, सच्चा पाठक त्यसबाट मुक्त हुन नै खोज्दैन । वास्तवमा कवि आयामको विजय पनि यसैमा परिलक्षित रहेको छ ।

आज सिङ्गो देश नै चक्रव्यूह र युध्दपीडाहरूबाट आहत छ । मान्छेको नियति र देशको संवेदना आज चक्रव्यूह र युध्दपीडाहरूबाट प्रताडित छ । कवि सङ्गीत आयामका कविताहरूमा समकालीन चेतनाको वेजोड प्रस्तुति पाइन्छ जुन प्रायःजसो कविता लेखिरहने कविहरूमा पाइँदैन, यसैले कवि आयामका कविताहरू नेपाली काव्यको लागि अनुपम उपलब्धी हो । यातनाशिविरबाट गुज्रिरहेका कवि हुन् सङ्गीत आयाम । एउटा कवि भएर अनुभव गरेका र समग्र मान्छेले भोग्नुपरेका चक्रव्यूह र युध्दपीडाहरूलाई कवि आयाम आफ्ना कविताहरूमा प्रतिक, विम्ब र मिथकहरूको कलात्मक संयोजनबाट अत्यन्तै विशिष्ट रूपमा प्रस्तुत गर्दछन् । उनका कविताहरूलाई आत्मसात गर्न गहिरो अध्ययनको आवश्यकता पर्दछ र उनका कवितालाई बुझ्नेहरू भने कविताबाट बाहिर निस्कन नै मान्दैनन् । यो कविताको विजय नभए के त ?

'युद्धपीडा', 'चक्रव्यूह', 'समय-सत्य', 'हराएको गाउँ', 'नआएको मान्छे' र 'आमा' गरी छवटा लामा कविताहरू रहेको यस सङ्ग्रहमा देशको वर्तमान स्थिति र त्यसबाट भोग्नुपरेका पीडाहरूलाई जीवन्त रूपमा चित्रण गरिएको छ । कवि आयामले यी छवटा लामा कविताहरूबाट आफ्नो छुट्टै पहिचान स्थापित गरेका छन्, एउटा अत्यन्त पृथक तथा गम्भीर कविका रूपमा । कवि आयाम अर्को लामो कविता 'नआएको मान्छे'मा यसरी प्रस्तुत भएका छन्-

खिइदै गएका
चमकहीन तक्माहरूको
टेको समाएर
युद्धले दिएका
उपहार स्वरूप
शान्तिको अवशेषलाई
सलाम गर्दै
प्राप्त गरेका
सम्मानरूपी प्रमाणपत्रहरू
कहिले निको नहुने
पुरानो रोगसँग
पटक-पटक
साक्षात्कार गर्छन् ।

माथिको कवितामा गलत इतिहासले दिएका पीडाहरूबाट वर्तमान क्षतविक्षत भएको कहालिलाग्दो अवस्थाको सजीव चित्रण छ । समयले ती गौरवशाली तक्मा र प्रमाणपत्रहरूलाई सलाम नगरेको मात्र होइन, अब ती काम नलाग्ने भैसके भनेर उद्घोष गरिरहेको छ । अत्यन्त विकराल स्थितिको कारण गलत कुराहरूले ठाउँ पाउँदै गएका छन् र इतिहास यसरी नै निर्माण भैरहेको छ । युध्दले इतिहासलाई अपाङ्ग बनाएको छ,कविता भन्छ ।

कवि आयामका कविता पढ्दा आफूस"ग नभएका धेरै कुराहरू सिक्न सकिन्छ अर्थात उनका कविताहरूले हामीलाई बौद्धिक बनाउनमा धेरै सहयोग गर्छन्, वास्तवमा यो उनको धेरै ठूलो योगदान हो नेपाली काव्यका पाठकहरूका लागि । कवि आयामका कविताहरू पढ्दा उनी शब्दहरूलाई नै विम्बमा रूपान्तरण गर्छन्, यो कुरा कवि आयामको अलग प्रकारको विषेशता नै हो भनेर भन्दा पनि हुन्छ । उनका कविताहरू अगाडि बढ्छन्, पाठकको स्तर पनि अगाडि बढिरहेको हुन्छ । उनका कविताहरू गतिशील हुन्छन्, स"गस"गै पाठकको मस्तिष्क पनि गतिशील हुन्छ ।

कवि आयामका कविताहरूमा जादुई यथार्थवादको प्रयोग पनि प्रशस्त रूपमा पाइन्छ । उनका कविताहरू अति यथार्थवादको दार्शनिक चेतनाबाट अभिप्रेरित हुँदै अघि बढ्छन् । अझ उनका कविताहरू उत्तरआधुनिक चेतनाबाट समेत अभिप्रेरित रहेका पाइन्छन् । अस्तित्ववादी चिन्तन त उनका कविताहरूमा यत्र-तत्र/सर्वत्र छन् । त्यसो त कवि आयामका अरू आफ्नै प्रकारका विशेषताहरू पनि नभएका होइनन् । जस्तो शब्द संयोजनमा गरिएको अदभुत प्रयोगलाई नै लिन सकिन्छ अनि प्रत्येक कवितामा पाइने सङ्गीतात्मक लयको विशिष्ट प्रयोगलाई पनि ।

कुनै कुरुक्षेत्रको
फैलावटभन्दा
सानो थिएन
निश्छल संवेदनालाई
जिउँदै जलाइएको
त्यो दृश्य
कुनै युध्दको
विस्तृतताभन्दा
कम रहेन
प्रकाश विम्बजस्तो
सँधै स्वप्नशील रहने
मृत फूलहरूको शवयात्रा ।

माथिको कविता ‘युध्दपीडा’ शिर्षकको लामो कविताभित्रबाट लिइएको एउटा सानो अंश हो जसमा विम्ब र प्रतिकहरूको यति मीठो संयोजन छ कि कविता नै कलात्मक रूपबाट उत्कृष्ट भएको पाइन्छ । पूर्वीय मिथक कुरुक्षेत्रसँग युध्दलाई तुलना गरेर मृत फूलहरूको शवयात्राजस्तो प्रतिकले आजको भयावह यथार्थलाई परिभाषित गरिएको छ कविता मार्फत । प्रत्येक

कविताका प्रायः हरफहरूमा आएका प्रतिकात्मक अर्थहरूका कारण झन् कविता अध्ययन गर्ने पाठकहरूलाई सुनौलो अवसर प्राप्त भएको छ 'चक्रव्यूह र युध्दपीडाहरू' लाई बुझ्न र त्यसलाई आत्मसात गर्न ।

छरिएका लामा कविताहरू एउटा सिङ्गो कृतिको आकारमा आउँदा यी कविताहरूको महत्व झन् बढेको कुरा भने सत्य हो । अब पाठकहरूले एकमुष्ठ रूपमा पढ्न पाउने भएका छन् यी कविताहरू 'चक्रव्यूह र युध्दपीडाहरू' भित्र, वास्तविक कविताहरूलाई आत्मसात गर्ने अवसर पनि हो यो गम्भीर पाठकहरूका लागि ।